**दक्षिणकाली नगरपालिका**

दर्ता नं.: ११९८

दर्ता मितिः २०७४।९।२६

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(सुशासन व्यवस्थापन शाखा)

फोन :४२००५२८
:४२००४१४
फ्याक्स :४२००५२८

प.सं. सु.शा.०७४/०७५
च.नं. २२६

मिति २०७४/९/२०

विषय : सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाहरु (सवै) ।
श्री गाउँपालिकाहरु (सवै) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं १-भौ-८१/०७४/०७५ मिति २०७४।८।८ च.नं. ९१८ को पत्रानुसार गौरीगाउँ-सिनामंगल-एअरपोर्ट सडकमा झण्डै एक वर्षदेखि सडकमै सवारी साधनहरु धुने गर्नाले सडक बिग्रने गरेको, सडक अतिक्रमण भएको, सडक दुर्घटना बढेको साथै यस सम्वन्धमा प्रहरीमा उजुरी गर्दा समेत सुधार नभएको भनी आयोगमा दर्ता हुन आएको उजुरी सम्बन्धमा काठमाण्डौ उपत्यका समेत अन्य सडकहरुमा सडकमै गाडी धुने लगायत अन्य कृयाकलापहरुबाट पनि सडक अतिक्रमण भैरहेको, जस्तै : सडक छेउमा खोलीएका वर्कसपहरुले सडकलाई नै आफ्नो कार्यस्थल बनाएको, पेट्रोल पम्पको पार्किङ्ग सडकमै रहेको, निर्माण सामाग्री तथा फोहरमैला पनि सडकमा नै थुप्रीएको, फुटपाथ पसलहरुको अवस्था झनै गंभीर देखिएको लगायत विभिन्न कृयाकलापहरुबाट सार्वजनिक सडक अतिक्रमण भै आवगमनमा बाधा परेको, सडक मर्मत संभार खर्च बढेको, दुर्घटनाको जोखिम बढेको अवस्था देखिएकोले तत्काल सडक अतिक्रमण रोक्न सडक विभाग, काठमाण्डौ महानगरपालिका सहितका नगरपालिकाहरु, ट्राफिक प्रहरीको समन्वयात्मक प्रभावकारी कदम सहित सडक अतिक्रमण रोक्न योजनाबद्ध तरिकाले प्रभावकारी कदम चाल्न प्रहरी प्रधान कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयं मार्फत विभिन्न नगरपालिकाहरुलाई सुझाव दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७४।८।६ को निर्णयानुसार सुझाव प्राप्त भएको ।

नेपालको संविधानको अनुसूची-८ को क.सं. ११ मा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्वन्धी स्थानीय तहको अधिकारको सूची उल्लेख भएको ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ट) अन्तर्गत यातायात सुरक्षाको व्यवस्थापन र नियमन एवं स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्वन्धी व्यवस्था भएको । सोही ऐनको दफा ४५ मा सडकको अधिकारक्षेत्र तोक्न सक्ने प्रावधान अनुरुप उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थानीय सडकको दायाँ बायाँको अधिकारक्षेत्र (राइट अफ वे) को सिमा तोक्न सक्नेछ, उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दायाँ बायाँको अधिकारक्षेत्र (राइट अफ वे) को मापदण्ड पालना गर्नु/गराउनु पर्नेछ, उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) वा (२) बमोजिमको सडकको अधिकारक्षेत्रभित्र बनेका संरचना जुनसुकै बखत हटाउन वा भत्काउन आदेश दिन सक्नेछ, उपदफा (४)

e-mail :Mofaldmails@gmail.com